सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: १३

आ.व.:२०८२/०८३

मिति: २०८२ चैत्र १५ , आइतवार

समय: दिउँसो २:०० बजे

स्थानः सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल चैत्र १५ गते आइतबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक वसी तपसिल वमोजिमका निर्णय गरियो।

**उपस्थितिः**

| | |
|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष |
| २. श्री गीता बिष्ट | उपाध्यक्ष |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. श्री पदम वहादुर थापा | सदस्य |
| ५. श्री कुल वहादुर थिङ | सदस्य |
| ६. श्री डण्डुप लामा | सदस्य |
| ७. श्री चित्र वहादुर मानन्धर | सदस्य |
| ८. श्री रिता कामी धमला | सदस्य |
| ९. श्री अविना लामा | सदस्य |
| १०. श्री सुनमाया तामाङ | सदस्य |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. श्री टासी लामा | सदस्य |
| १३. श्री मिन कुमार खाती | सदस्य |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

**अन्य उपस्थितिः**

१५.श्री रविन्द्र कुरेल - प्रशासन शाखा प्रमुख

१६.श्री कान्छि माया वाइबा- कार्यालय सहयोगी

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को तेह्रौं कार्यपालिका बैठक

१५ चैत्र २०८२

ने.स. ११४६ चौलाथ्व ११ सोमबार

| क्र. सं. | प्रस्तावहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा। | यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो। |
| २ | योजना अनुगमन र भुक्तानी सम्वन्धमा। | यस चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्झौता भई कार्यान्वयनमा रहेका र कार्यसम्पन्न भएका तपसिलका योजनाहरुको भुक्तानी दिने ।<br>तपसिलः<br>१. मगर टोल बाटो स्तरोन्नति वडा नं. १ रु. ५ लाख।<br>२. कामीखोला घिसिङटोल र खोड्पा सडक मर्मत वडा नं. ३ रु. २ लाख।<br>३. चौंपस्वारा सामुदायिक भवन वडा नं. २ रु. १ लाख ५० हजार।<br>४. नेत्रेस्वर महादेव मन्दिर कम्पाउण्ड वाल निर्माण वडा नं. ४ रु. २ लाख ५० हजार।<br>५. कुशेश्वर कृष्ण मन्दिर निर्माण वडा नं. ४ रु. २ लाख ५० हजार।<br>६. भ्वाँसा जनहित सामुदायिक भवन ट्रस निर्माण वडा नं. ४ रु. ५ लाख ५० हजार।<br>साथै सुनापति गाउँपालिकाको आर्थिक सर्वेक्षणको कार्य सेवा परामर्श खरिद विधिवाट यस गाउँपालिकामा सूचिकृत परामर्शदातामध्ये सहकार्य कन्सल्ट प्रा.लि.सँग सम्झौता भई अन्तिम प्रतिवेदन पेस भएकोले प्रतिवेदन स्वीकृत गरी सम्झौता र भ्याट विल वमोजिम भुक्तानी गर्ने। |
| ३ | दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्वन्धमा। | यस सम्बन्धमा छलफल गर्दा यस चालु आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई २०८३ वैशाख ११ गते शुक्रवार गाउँकार्यपालिकाको प्राङ्गणमा गर्ने। |
| ४ | वालमैत्री स्थानीय तह घोषणा सम्बन्धमा। | यस सुनापति गाउँपालिकालाई वालमैत्री स्थानीय शासन अन्तर्गत वालमैत्री गाउँपालिका घोषणा गर्नको लागि बालमैत्री स्थानीय तह घोषणाको लागि पूरा गर्नु पर्ने सूचकहरुको अध्ययन गरी सूचक अनुसारको पूर्वाधारको व्यवस्था भए नभएको र नभएको सूचकहरु पूरा गर्नको एक अध्ययन समिति र वडा गत सहजकर्ता तोक्नुको साथै वडाहरुलाई क्रमशः वालमैत्री वडा घोषणा गरी आगामी आर्थिक वर्ष २०८३/०८४ को असोज मसान्त सम्ममा बालमैत्री वडा घोषणा गरी मंसिर महिनाको मसान्तभित्र वालमैत्री गाउँपालिका घोषणा गर्ने प्रतिवद्धता गरियो।<br>अध्ययन समितिः<br>संयोजकः श्री कमल वम, शिक्षा शाखा प्रमुख |

सुरेश कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| १५ | विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह प्रक्रियाको मापदण्ड सम्वन्धमा। | यस सुनापति गाउँपालिकाले विगतका आर्थिक वर्षहरुमा विषयक्षेत्रगत सेवाहरुको सेवा प्रवाह मापदण्ड तर्जुमा नगरेको तर समग्र विषयक्षेत्रहरुबाट प्रवाह हुने सेवाहरुलाई विषयगत शाखाहरुबाट स्थानीय सरकार सञ्चालनको लागि बागमती प्रदेश सरकार र नेपाल सरकारबाट जारी सेवा मापदण्डका साथै प्रचलित ऐन कानूनलाई आधार बनाई सेवा प्रवाहको कार्य गरिएको भनी यस कार्यपालिकाले स्वीकृत गर्ने निर्णय गरियो। |
| १६ | उपभोक्ता समितिलाई योजना हस्तान्तरण सम्वन्धमा। | गत आर्थिक वर्ष २०८१/०८२ मा उपभोक्ता समितिबाट कार्यान्वयन गरिएका योजनाहरुको लागि मर्मत तथा सुधार साथै संरक्षण र उपयोगको लागि स्वत: उपभोक्ता समिति जिम्मेवार हुने हुँदा नीतिगत रुपमा हस्तातरण नगरिए पनि यस कार्यपालिकाले हस्तान्तरण गरेको मान्ने निर्णय गरियो। |
| १७ | खाद्य असुरक्षा नरहेको सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा रहेको खेतियोग्य जमिनको उपयोगबाट उत्पादन हुने खाद्यान्नले धेरैमात्रामा वर्ष भरी उपभोग गर्न सकिने र यो गाउँपालिका काठमाण्डौबाट नजिक भएकोले नपुग खाद्यान्न ढुवानी गरी गाउँपालिका भित्र विक्री वितरण हुने हुँदा खाद्य असुरक्षा नरहेको घोषणा गर्ने निर्णय गरियो। |
| १८ | जग्गा प्लटिङ वा खण्डीकरण सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा यस सुनापति गाउँपालिकामा स्थायी बसोवास गर्ने धेरै नागरिकहरु काठमाडौमा बसोवास गरेको र गाउँपालिकामा सहरीकरण कमै हुने गरेकोले हालसम्म जग्गा प्लटिङ वा खण्डिकरणको कार्य हुने नगरेको घोषणा गर्ने निर्णय गरियो। |
| १९ | सुनापति नगर विकास समिति गठन सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा सुनापति नगर विकास समितिको गठन नगर विकास ऐन, २०४५ को दफा ४ वमोजिम तपसिलका पदाधिकारीहरु रहने गरी गठन गर्ने निर्णय गरियो।<br>तपसिल:<br>१. गाउँपालिका अध्यक्ष श्री ठुलोकान्छा तामाङ - संयोजक<br>२. जिल्ला समन्वय समितिको प्रमुखले तोकेको जिल्ला समन्वय समिति रामेछापको सदस्य श्री - सदस्य<br>३. प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत श्री - सदस्य<br>४. वन, भूमि तथा नापी सम्बन्धी स्थानीय तह वा जिल्ला स्थित कार्यालयका प्रतिनिधिहरुमध्ये डिभिजन वन कार्यालय रामेछापको प्रतिनिधि श्री - सद्रस्य<br>५. भूमि तथा नापी कार्यालयका प्रतिनिधि श्री - सदस्य |

प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | ६. गाउँकार्यपालिका सदस्य ३ नं. वडा अध्यक्ष श्री कुल बहादुर थिङ - सदस्य<br>७. गाउँकार्यपालिका सदस्य श्री - सदस्य<br>८. गाउँकार्यपालिका सदस्य श्री . - सदस्य<br>९. स्थानीय क्षेत्रको विकासमा योगदान गरेको समाजसेवी श्री - सदस्य .<br>१०. महिला समाजसेवी श्री -सदस्य.<br>११. प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ – सदस्य सचिव<br>पुनश्चः रिक्त सदस्यहरुको लागि सम्वन्धित कार्यालयवाट सिफारिस पश्चात स्वतः समितिको सदस्य भएको मान्ने निर्णय समेत गरियो। |
| २० | योजना माग सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा सुनापति नगर विकासको कार्यालय स्थापनाको लागि र प्रशासकीय भवन वरपर नगर विकासको सुरुवात गर्न शहरी विकास मन्त्रालय, सिंहदरवार काठमाडौं समक्ष तपसिलको योजना लागत अनुमान सहित पेश गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. सुनापति गाउँपालिका सभाहल सहितको नगर विकास भवन निर्माण योजना।<br>२. सुनापति गाउँपालिका प्रशासकीय भवन नजिक सुनापति उद्यान निर्माण योजना। |
| २१ | साझेदारी रकम भुक्तानी सम्वन्धमा। | यस सम्वन्धमा छलफल गर्दा समुदायमा आधारित एक वडा एक उत्पादन कार्यक्रम सञ्चालनको लागि पशु सेवा कार्यालय, सिन्धुली, सुनापति गाउँपालिका र साझेदार संस्था श्री उद्यमशील वाखापालन कृषक समूह, सुनापति गा.पा. ५ वीच भएको त्रीपक्षीय सम्झौता र कार्यक्रम सञ्चालन मोडेल अनुरुप २० प्रतिशत गाउँपालिकावाट व्यहोर्नु पर्ने सर्त अनुसार रु. १३,३३,५००/-(अक्षरुपी तेर लाख तेत्तीस हजार पाँच सेय) मात्र रकम यस सुनापति गाउँपालिकाको स्वीकृत वजेट शिर्षक कार्यक्रम साझेदारी कोषबाट भुक्तानी गर्ने। |
| २२ | सहकारी अनुगमन टोली गठन सम्वन्धमा। | यस सुनापति गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारी संस्थाहरुको अनुगमन गर्न तपसिल वमोजिमको सदस्यहरु रहने गरी सहकारी अनुगमन टोली गठन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. गाउँपालिका अध्यक्ष श्री ठुलोकान्छा तामाङ- संयोजक<br>२. प्रमुख प्रशासकीय अधिकृत श्री सुरेश कुमार श्रेष्ठ- सदस्य<br>३. आर्थिक प्रशासन शाखा श्री विनोद चौलागाई- सदस्य<br>४. सहकारी सम्वन्धी विज्ञ, रोजगार संयोजक श्री कर्ण वि.क.- सदस्य |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | |
|---|---|---|
| | | ५. सहकारी इकाई प्रमुख तथ सम्वन्धित कर्मचारी श्री सर्पलाल कोली- सदस्य सचिव |
| २३ | रोयल्टी दाखिला गराउने सम्वन्धमा। | यस सुनापति गाउँपालिका भित्र रहेका सामुदायिक, कवुलियति र निजी बनहरुको विवरण संकलन गरी PAMS $V_2$ मा प्रविष्टि गराई सार्वजनिक सम्पत्तिको विवरण अद्यावधिक गराउने र वनवाट प्राप्त गर्ने रोयल्टी, दाखिलाको लागि प्रक्रिया अगाडि वढाउने। विवरणको लागि डिभिजन वन कार्यालय रामेछापमा पत्र पठाउने। |
| २४ | कार्यविधि स्वीकृत सम्वन्धमा। | यस सुनापति गाउँपालिकाको तपसिलको कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशन गरी कर्यान्वियन गर्ने निर्णय गरियो।<br>तपसिल:<br>१. उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८२।<br>२. सुनापति गाउँपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०८२। |
| २५ | विविध सम्वन्धमा। | आवश्यकता अनुसार पुन कार्यपालिका वैठक वस्ने गरी वैठक समापन गरियो। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत